# प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम(सञ्चालन कार्यविधि),नियमावली, २०७७

प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई प्रभावकारी एंव नतिजामुखी र उद्देश्यमूलक बनाउन आवश्यक भएकाले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "प्रदेश नं. २ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो नियमावली प्रदेश नं. २ भर लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा:

(क) "कार्यक्रम" भन्नाले प्रदेश नं. २ को प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम र सो अन्तर्गत सञ्चालन हुने योजना तथा आयोजना समेत सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका प्रदेश नं. २ का जिल्ला स्थित "पूर्वाधार विकास कार्यालय" लाई सम्झनु पर्छ ।

(ग) "निर्वाचन क्षेत्र" भन्नाले नेपालको संविधानको धारा १७६(१) बमोजिम प्रदेश नं. २ को प्रदेश सभा सदस्यको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

(घ) "प्रदेश सभा सदस्य"भन्नाले नेपालको संविधानको धारा १७६ को उपधारा (१) मा व्यवस्था भए बमोजिमका प्रदेश नं. २ को प्रदेश सभा सदस्य सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले प्रदेश नं. २ सम्झनु पर्छ ।

(च) "प्रदेश लेखा नियन्त्रक कार्यालय" भन्नाले प्रदेशमा रहेको प्रदेश लेखा नियन्त्रक कार्यालय र सो अन्तर्गतका ७ जिल्लामा रहेका कोष तथा लेखा नियन्त्रक कार्यालयहरु सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ ।

(ज) "उपभोक्ता समिति" भन्नाले स्थानीय स्तरमा सञ्चालन हुने भनी प्रदेश सरकार वा अन्य निकायले निर्धारण गरेको कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्तिहरुले त्यस्तो कार्यक्रमको सञ्चालन र मर्मत सम्भार गर्न आफुहरु मध्येबाट छानिएका व्यक्तिहरु रहने

गरी सम्बन्धित प्रदेश सभा सदस्य वा निजको प्रतिनिधि रोहवरमा सम्वन्धीत कार्यालयले गठन गरेको समिति सम्झनुपर्छ ।

(झ) "सचिव" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सचिव सम्भनुपर्छ ।

(ञ) "सरकार "भन्नाले प्रदेश नं. २ सरकार सम्झनु पर्छ ।

३. <u>कार्यक्रमको छनौटः</u> (१) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिमका पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित प्रदेश सभा सदस्यले आफू निर्वाचित भएको जिल्लाको निर्वाचन क्षेत्र र सोही उपधाराको खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने प्रदेश सभा सदस्यले निजले रोजेको प्रदेश अन्तर्गतका कुनै एक जिल्लाको निर्वाचन क्षेत्रहरुमा कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) प्रत्यक्ष तर्फ निर्वाचित प्रदेश सभा सदस्यको संयोजकत्वमा त्यस निर्वाचन क्षेत्रका प्रदेश सभा सदस्यहरु रहेको समितिले स्थानीय तहको समन्वयमा आयोजना छनौट गरी कार्यान्वयन गरिनेछ । उक्त समितिमा कार्यक्रमको छनौटमा सहमति हुन नसकेमा संयोजकको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यक्रम छनौट गर्दा एक वर्ष भित्र कार्यान्वयन गर्न सकिने योजनाहरु अनुसूची -१ बमोजिमको कार्यान्वयन तालिका समेत बनाई सम्वन्धित पूर्वाधार विकास कार्यालयमा प्रत्येक वर्षको पौष १५ गते भित्र पेश गरिसक्नु पर्नेछ ।

(४) पूर्वाधार विकास कार्यालयले नियम ३ को उपनियम २ बमोजिम छनौट भएका आयोजनाहरुको विवरण सहितको जानकारी सम्बन्धित स्थानीय तहलाई समेत दिनु पर्नेछ ।

(५) नियम ३ को उपनियम (२) र (३) बमोजिम छनौट गरिने कार्यक्रम देहाय बमोजिमको हुनु पर्नेछः-

(क)महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, अपाङ्ग, मधेशी, मुस्लिम,पिछडा समुदाय तथा विपन्न वर्गको उत्थान र विकास सम्वन्धी,

(ख) श्रममा आधारित योजना,

(ग) भौतिक पूर्वाधार निर्माण सम्वन्धी योजना/कार्यक्रममा कम्तीमा १० प्रतिशत र कार्यक्रममा कम्तीमा २० प्रतिशत जनसहभागिता हुनु पर्ने।

४. <u>कार्यक्रमको किसिमः</u> (१) कार्यक्रमको किसिम देहाय बमोजिम हुनेछः-

(क) नदी, गल्छी तथा पहिरो नियन्त्रण एवं सिंचाई सम्वन्धी आयोजना,

(ख) सडक निर्माण तथा स्तरोन्ती (सडक पुल, कल्भर्ट, ढल, काठेपुल, निर्माण) सम्वन्धी आयोजना,

(ग) खानेपानी, सरसफाई, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल्ड साइट निर्माण आयोजना,

(घ) विद्यालय, पुस्तकालय, खेलकूद सम्वन्धी सामाग्री तथा खेल मैदान, कवर्ड हल, शौचालय निर्माण आयोजना,

(ङ) मसान घाट, समस्सान घाट/कव्रस्थान निर्माण र मर्मत सुधार, संरक्षण सम्वन्धी आयोजना,

(च) वृद्धश्रम, आश्रम स्थल, वालसुधार गृह, सार्वजनिक जग्गा संरक्षण, ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक र पर्यटकीय स्थलको संरक्षण, मन्दिर,पोखरी, मस्जिद, मदरसा निर्माण तथा जिर्णोद्धार आयोजना ।

(छ) वातावरण संरक्षण, जैविक विविधता तथा वन संरक्षण, हरियाली क्षेत्र र पार्क(सहीद, वालबालिका आदी) निर्माण सम्वन्धी आयोजना,

(ज) नवीकरणीय उर्जा, लघु जलविद्युत तथा विद्युतीकरण सम्वन्धी आयोजना,

(झ) स्वास्थ्य चौकी, प्रसुती भवन, सामुदायिक भवन, आश्रम तथा वृद्धाश्रम, अनाथालय तथा पुनर्स्थापना केन्द्र निर्माण सम्वन्धी आयोजना,

(ञ) कृषि उपज संकलन केन्द्र निर्माण तथा हाट वजार प्रर्दशनी स्थल (व्यापार मेला) व्यवस्थापन सम्वन्धी आयोजना,

(ट) विशेष गरी महिला शसक्तिकरण उत्थानमा प्रत्यक्ष सहयोग पुग्ने खालका आयमूलक तालिम तथा रोजगारी उन्मुख सीप विकास सम्वन्धी आयोजना,

(ठ) स्थानीय निकायको कुनै स्वीकृत कार्यक्रममा लागत सहभागिता सम्वन्धी आयोजना।

(२) नियम ३ को उपनियम (२) र (३) मा व्यवस्था भएअनुसार कार्यक्रम छनौट गर्दा निम्न कार्यमा खर्च गर्ने गरी कार्यक्रम छनौट तथा सञ्चालन गर्न सकिने छैनः-

(क) दामासाहीले बाँडफाँड गरी वितरण गर्ने,

(ख) कुनै राजनीतिक दल वा तिनका भातृ संघ संगठन, कुनै संघ संस्था वा व्यक्तिलाई आर्थिक सहायता दिने,

(ग) कुनै गैर सरकारी संघ संस्था वा व्यक्तिलाई आर्थिक सहायता दिने ।

(३) यस नियम बमोजिम कार्यक्रम छनौट गर्दा "कम्तीमा नव्वे प्रतिशत" रकम पूर्वाधार निर्माणमा खर्च गर्ने गरी छनौट गर्नु पर्नेछ ।

(४) कार्यक्रमको छनौट गर्दा प्रत्यक्ष तर्फ निर्वाचित प्रदेश सभा सदस्यहरुको हकमा एक आर्थिक वर्षका लागि बढीमा सत्र (१७) वटा सम्म र समानुपातिक तर्फवाट निर्वाचित प्रदेश सभा सदस्यहरुको हकमा एक आर्थिक वर्षका लागि बढीमा दश (१०) वटासम्म योजना/कार्यक्रम छनौट गर्न सकिनेछ ।

(५) नियम ३ बमोजिम छनौट भएका कार्यक्रमहरु प्रचलित कानूनको अधिनमा रहि कार्यान्वयन, गर्ने सम्पुर्ण जिम्मेवारी सम्बन्धित कार्यालयको हुनेछ।

(६) उप-नियम ५ बमोजिमको कार्य गर्न जनशक्तिको कमि हुने भएमा कार्यालयले सम्बन्धित स्थानीय तहमा कार्यरत जनशक्तिको परिचालन सोही स्थानीय तहसंग अनुरोध र समन्वय गरी परिचालन गर्न सकिने छ । यसरी अनुरोध भई आएमा स्थानीय तहले जनशक्ति उपलब्ध गराइदिनु पर्ने छ ।

(७) पूर्वाधार विकास कार्यालयले कार्यक्रम सञ्चालन गर्दा अनुसूची -१ बमोजिमको कार्यक्रम कार्यान्वयन तालिका बमोजिम कार्यान्वयन तहमा अनुगमन गर्नु/गराउनु पर्नेछ ।सो को लागि एक अनुगमन समिति गठन गर्नु पर्ने छ ।

(८) नियम (३) बमोजिम छनौट कार्यक्रमको लागि कम्तिमा दुई किस्तामा रकम उपलब्ध गराइने छ । जस मध्ये पहिलो किस्ता रकम निकासा भएपछि सोको आवधिक मूल्याङ्कन सहितको प्राविधिक प्रतिवेदन प्राप्त नभएसम्म सोही कार्यक्रमको लागि बाँकी रकम निकासा गरिने छैन ।

(९) प्रदेश सभाका सदस्यले नियम ६ को उपनियम ( १) बमोजिम कार्यक्रम पेश गरिसकेपछि प्रदेश सभा विघटन वा कार्यकाल समाप्त भएपनि उक्त कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

तर कार्यक्रम पेश नगर्दै प्रदेश सभाको सम्बन्धित सदस्य कुनै कारणले प्रदेश सभाको सदस्य नरहेमा उक्त रकम स्वतः फ्रिज हुनेछ ।

७. <u>बोलपत्रको माध्यमबाट गर्नु पर्ने:</u> यस नियमावली बमोजिम छनौट भएका देहायका प्रकृतिका कार्यक्रमहरु बोलपत्रको माध्यमबाट गर्नु पर्नेछः

(क) प्राविधिक रुपले जटिल प्रकृतिका निर्माण कार्य,

(ख) जटिल किसिमको गुणस्तर परिक्षण गर्नु पर्ने,

(ग) Heavy Machinesप्रयोग गर्नु पर्ने,

(घ) जनसहभागिता जुटन नसक्ने,

(ङ) निर्माण पछि मर्मत सम्भार उपभोक्ता समितिबाट हुन नसक्ने,

(च) निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ता समितिमा योजना हस्तान्तरण गर्न नसक्ने जस्ता कार्यहरु ,



प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

(२) उपनियम (१) बमोजिम बोलपत्र गर्दा विनियोजित भएको रकम बाँकी रहन गएमा सो रकम बराबरको कार्यक्रम स्वीकृत गरी यस नियमावली बमोजिम कार्यक्रम सञ्चालन गर्न सकिनेछ" ।

८. <u>प्रशासनिक खर्चको व्यवस्थाः</u>- (१) कार्यक्रमको लागि विनियोजित रकमबाट ५ लाख रुपैयाँसम्म प्रशासनिक कार्यका लागि खर्च गर्न सकिने छ । उक्त रकम प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रको सम्पर्क कार्यालय सञ्चालनको निमित्त मसलन्द र प्रदेश सभा सदस्यको प्रतिनिधि, प्रदेश सभा सदस्यद्वारा अनुगमन कार्यका लागि खटाइएको व्यक्तिको पारिश्रमिक, दैनिक भ्रमण भत्ता एवं सम्पर्क कार्यालयको घर भाडा लगायतमा खर्च गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम प्रशासनिक कार्यका लागि छुट्याइएको रकम दुई किस्तामा निकासा दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम छुट्याइएको रकमको सीमाभित्र रही खर्च गरिएको रकमको विवरण प्रदेश सभा सदस्य वा निजको प्रतिनिधिले पूर्वाधार विकास कार्यालयमा पठाउनु पर्नेछ । कार्यालयले त्यस्तो खर्चलाई नियमानुसार फछर्यौट र फरफारक गर्नुपर्नेछ ।

(४) कार्यक्रममा प्राविधिक सहयोग पुर्याउन प्राप्त रकमको एक प्रतिशत सम्म रकम कट्टा गरी पूर्वाधार विकास कार्यालयले खर्च गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिमको रकम निर्माण कार्यको सुपरिवेक्षण एवं अनुगमन र मसलन्द सम्बन्धी कार्यमा मात्र खर्च गर्न सकिनेछ ।

९. <u>अनुगमन तथा मूल्यांकन</u> : (१) प्रदेश सभाका सम्बन्धित सदस्यले आफ्नो सिफारिसमा कार्यान्वयन गरिएका कार्यक्रमको वर्षमा कम्तीमा एक पटक अनुगमन गरी सो को प्रतिवेदन कार्यलयमा दिनु पर्नेछ ।

(२) पूर्वाधार विकास कार्यालयले छनौट भई कार्यान्वयनमा गएका कार्यक्रमहरुको चौमासिकरुपमा अनुगमन गर्न एक अनुगमन समिति बनाउनु पर्नेछ । उक्त अनुगमन समितिमा प्रत्यक्ष निर्वाचित सदस्य समेत रहनेछ ।

१०. <u>कार्यक्रममा भएको खर्चको फर्छ्यौट</u> : (१) कार्यक्रममा भएको खर्चको बिल/भर्पाई भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समिति वा कार्य सम्पन्न गर्ने निकायले कार्यालयमा समयमै पेश गर्नुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम हिसाब फरफारक/फर्छ्यौटका लागि कागजात प्राप्त भएपछि नियम नियमानुसार जाँचपासका लागि पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँचपासका लागि कागजात पेश भएपछि सो कार्यालय सम्वन्धित प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामका सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(४) कार्यलयका प्रमुखले नियमानुसार सञ्चालित कार्यक्रम वा योजनाको जाँचपास र फरफारक गर्ने गराउने छ ।

(५) कार्यक्रम वा योजना कार्यालयको अनुगमनमा खटिईएको कर्मचारीले खर्च अनुसारको काम भएको वा नभएको प्रतिवेदन दिनु पर्नेछ र सो प्रतिवेदनको आधारमा जाँचपास गरिदिन सक्नेछ ।

(६) उपनियम (५) बमोजिम जाँचपास भैसकेपछि कार्यालयको प्रमुखले प्रचलित कानुन बमोजिम त्यस्तो कामको हिसाव फरफारक गरी सोको जानकारी सम्वन्धित प्रदेश सभा सदस्यलाई दिइनेछ र त्यस्तो हिसाबको विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(७) जाँचपास भैसके पश्चात कार्यालयले नियमानुसार फरफारक पेश गर्नु पर्ने छ ।

११. <u>फरफारक गर्नुपर्ने</u> : (१) प्रदेश सभा सदस्यको सिफारिश बमोजिम पूर्वाधार विकास कार्यालयले मन्त्रालयबाट प्राप्त अख्तियारी अनुरुप म्याद भित्रै नियमानुसार हिसाव फरफारक गरी सो को जानकारी मन्त्रालय र सम्बन्धित प्रदेश सभा सदस्यलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको खर्चको फाँटवारी नियमानुसार फर्छ्यौट गरी पूर्वाधार विकास कार्यालयले प्रदेश सभा सदस्यलाई जानकारी दिनु पर्नेछ ।

१२. <u>लेखा र लेखा परीक्षण</u> : (१) मन्त्रालयबाट प्राप्त रकमको प्रचलित आर्थिक ऐन नियम अनुसार लेखा र लेखापरीक्षण सम्वन्धी सम्पूर्ण उत्तरदायित्व सम्वन्धित कार्यालयको हुनेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखापरिक्षण प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम कार्यालयले गर्नु गराउनु पर्नेछ ।

(३) उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिएको योजनाहरुको अनिवार्य रुपले समाजिक लेखा परिक्षण समेत गराउनु पर्नेछ ।

(४) मासिक रुपमा खर्चको फाँटवारी र आर्थिक वर्षको अन्तमा आर्थिक विवरण मन्त्रालयमा पेश गर्ने दायित्व सम्वन्धित कार्यालयको हुनेछ ।

१३. <u>प्रगति प्रतिवेदन</u> : कार्यालयले यस कार्यक्रम अन्तर्गत कार्यान्वयन गरिएका योजना/ आयोजनाको विवरण (किसिम, संचालित स्थान, वडा नं., खुल्ने गरी, लाभग्राही संख्या, रकम, प्रदेश सभा सदस्यको नाम) सहितको प्रगति प्रतिवेदन मन्त्रालयमा अनिवार्य रुपमा प्रत्येक चौमासिकमा पेश गर्नु पर्नेछ ।

१४. <u>प्रगति समीक्षा</u> : मन्त्रालयले सञ्चालित कार्यक्रमको प्रगति समीक्षा गर्नु/गराउनु पर्नेछ ।

१५. <u>कार्यक्रम संसोधनः</u> छनौट गरिएका कार्यक्रमहरु कार्यान्वयनका सन्दर्भमा कुनै कठिनाइ आईपरेमा सम्वन्धित कार्यालयले आधार र कारण सहित मन्त्रालयमा अनुरोध गर्नु पर्नेछ ।

१६. <u>अनुसूचीमा थपघट तथा हेरफेर</u> : मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत आवश्यकता अनुसार अनुसूचीमा थपघट हेरफेर गर्न सक्नेछ ।

१७. <u>खारेजी र बचाउः</u> (१) प्रदेश नं. २ प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ खारेज गरिएको छ ।

(२) उप नियम (१) बमोजिम खारेज भएको नियमावली बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची-१

प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम

कार्यक्रम कार्यान्वयन तालिकाको नमूना

(नियम ३ को उपनियम (४) सँग समबन्धित)

प्रदेश सभा सदस्यको नाम.................................

जिल्ला..............................

| सि.नं | सञ्चालन हुने कार्यक्रमको विवरण | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेस्रो चौमासिक | सञ्चालन हुने गा.पा./न.पा.वडा नं. टोल | व्यहोरिने लागत रकम रु. | | | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यक्रम बाट | जन सहभागिता | सरकारी | गै.स.स. | अन्य | जम्मा | | |

## अनुसूची - २

### प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम

### कार्यक्रम प्रस्ताव पेश गर्ने फाराम

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

श्री पूर्वाधार विकास कार्यालय,

............................... जिल्ला ।

विषय : कार्यक्रम प्रस्ताव सम्वन्धी विवरण ।

1) आयोजना सञ्चालन गर्ने स्थान:- गा.पा./न.पा.................. वडा नं. .......टोल .....................

(क) आयोजनाको नाम:-

(ख) आयोजनामको किसिम :-

(ग) लाभान्वित जनसंख्या :-

(घ) अधुरो योजना भए वर्तमान अवस्थाको विवरण :-

(ङ) थप गर्नुपर्ने कार्यको विवरण :-

(च) आयोजना सम्पन्न गर्न लाग्ने अनुमानित समयावधि :-

(छ) आयोजनाको अनुमानित खर्च रु.

(१) कार्यक्रमबाट रु.

(२) उपभोक्ता (जनसहभागिता) बाट रु.

(३) लागत सहभागिताबाट रु.

(४) सरकारी अनुदानबाट रु.

(५) गैर सरकारी संस्थाबाट रु.

(६) अन्य स्रोतबाट रु.

(ज) कार्यक्रम शुरु हुने मिति :-

(झ) कार्यक्रम सम्पन्न हुने मिति :-

(ञ) उपभोक्ता समिति गठन गरी आयोजना सञ्चालन गरिने भए उपभोक्ता समितिको नामावली :-

(१) अध्यक्ष

(२) उपाध्यक्ष

(३) सचिव

(४) सदस्य

(५) सदस्य

(ट) प्रदेश सभा सदस्य वा निजको आयोजना सम्बन्धी अन्य केही भए उल्लेख गर्ने प्रतिनिधिको नामः-

सही :-

.....................................

जिल्ला :-

मिति :-

(द्रष्टव्यः कार्यक्रम सम्पन्न भएको पैंतीस दिनभित्र खर्चको विवरण पेश गरिसक्नु पर्नेछ) ।

प्रदेश सरकार
प्रदेश नं. २
जनकपुरधाम

**प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि)(पहिलो संशोधन) नियमावली, २०७७**

प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि)(पहिलो संशोधन) नियमावली, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यी नियमहरुको नाम "प्रदेश नम्वर दुई प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि)(पहिलो संशोधन) नियमावली,२०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रदेश नम्वर दुई प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) पहिलो संशोधन) नियमावली), २०७७ को नियम ३ मा संशोधन- प्रदेश नम्वर दुई प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि)(पहिलो संशोधन) नियमावली,२०७७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को,-

(१) उपनियम (२) मा रहेका "स्थानीय तहको समन्वयमा" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थप गरिएको छः-

"(२क) उपनियम (२) बमोजिमको समितिमा सदस्य हुन चाहने प्रदेश सभा सदस्यले योजना छनौट गर्न विनियोजित वजेटको पचास प्रतिशत भन्दा बढी रकमको कार्यक्रम छनौट गरी सोही निर्वाचन क्षेत्रमा खर्च गर्नु पर्नेछ ।"

(३) उपनियम (३) मा रहेको "पौष पन्ध्र गतेभित्र" भन्ने शब्दहरुको सट्टा "पौष मसान्त भित्र" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपनियम (४) मा रहेका "नियम ३ को" भन्ने शब्दहरु झिकिएका छन् ।

(५) उपनियम (५) मा रहेका "नियम ३ को" भन्ने शब्दहरु झिकिएका छन् ।

३. मुलनियमावलीको नियम ४ मा संशोधनः- मुल नियमावलीको नियम ४ को उपनियम (४) मा रहेको "सत्र ( १७)" भन्ने शब्दको सट्टा "सत्ताईस" भन्ने शब्द राखिएको छ ।